# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
# तेह्रौं बार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार बोलाइएको तेह्रौ बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०६७ मंसिर १७ गते शुक्रबार (३ डिसेम्बर, २०१०)
स्थान : उद्योग संगठन मोरङको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:३० बजे
(हाजिरी विहान ११:३० बजे देखि १:३० बजे सम्म)

३. **उपस्थिति :**

**सञ्चालकहरूको उपस्थिती :**

| | | | |
|---|---|---|---|
| क) | श्री जगदीश प्रसाद अग्रवाल | - | अध्यक्ष (संस्थापक समुह) |
| ख) | श्री तुलसीराम अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| ग) | श्री निर्मल कूमार अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| घ) | श्री गणेशमान श्रेष्ठ | - | व्यावसायिक/स्वतन्त्र सञ्चालक |
| ङ) | श्री राजेन्द्र अर्याल | - | सञ्चालक (साधारण शेयरधनी समुह) |
| च) | श्री विरेन्द्र कुमार संघाई | - | सञ्चालक (साधारण शेयरधनी समुह) |

**पदाधिकारीहरूको उपस्थिती :**

| | | | |
|---|---|---|---|
| क) | श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री निरज श्रेष्ठ | - | महाप्रबन्धक / कम्पनी सचिव |
| ग) | श्री विमल डांगा | - | सहायक महाप्रबन्धक |
| घ) | श्री प्रविन बस्नेत | - | संचालन प्रबन्धक |
| ङ) | श्री बिश्व सुवेदी | - | कानून अधिकृत |

सभामा बैंकका बहालवाला लेखा परिक्षक जि.पि.राजवाहक एण्ड कम्पनीका प्रतिनिधि श्री रञ्जीब श्रेष्ठ तथा बैंक संचालक समितिको सचिव श्री श्याम सापकोटा समेतको उपस्थिती रहेको थियो ।

४. **सभाको सूचना :**

तेह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संक्षिप्त बार्षिक आर्थिक प्रतिवेदन शेयरधनीहरूले बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाउनुका साथै सभा बस्ने बारेको सूचना क्रमश: राष्ट्रिय दैनिक नागरीकमा २०६७ कार्तिक १८ गते र कान्तिपुर राष्ट्रिय दैनिकमा २०६७ मंसिर १० गते प्रकाशित गर्नुका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सुचित गर्नुका साथै एफ.एम. रेडीयोबाट समेत सभामा उपस्थित हुने जानकारी प्रशारण गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरू :**

(क) सामान्य प्रस्ताव :

१) आ.व. २०६६/६७ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६/६७ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office

३) सञ्चालक समितिले सिफारिस गरे बमोजिम रू. ३४,५१,४५,२६३.०० अर्थात प्रति शेयर २६.३१५७९% का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४) आर्थिक बर्ष २०६७/०६८ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(ख) विविध:

१) बैंक को शेयर दाखेल - खारेज सम्बन्धि व्यवस्था सम्बन्धमा ।

२) संचालक समितिका अध्यक्ष लाई सवारी सुबिधा उपलब्ध गराउने सम्बन्धमा ।

## ६. शेयरधनीहरूको उपस्थिती :

| कुल शेयधनीको संख्या | स्वयं उपस्थित | प्रतिनिधीपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३३७८० (क-ख समुह) | २६१ | २१ | २८२ | ६७.३४% |

## ७. गणपुरक संख्या एवम् बैधानिकता :

सभाको प्रारम्भमा सचिवले यस साधारण सभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै आजको यस सभाको अध्यक्षता गरी दिन सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपुरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधिनमा रही सभा विधिवत प्रारम्भ भयो ।

## ८. सभाको अध्यक्षता :

सभाका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूको हार्दिक स्वागत गर्दै काम कार्वाही अगाडि बढाउनु भयो ।

## ९. बार्षिक प्रतिवेदन तथा प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूले आफ्नो मन्तब्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०६६/६७ को नाफा नोक्सान हिसाव र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित शेयरधनी महानुभावहरूले लिखित सुझाब, जिज्ञासा, प्रश्न, तथा मन्तव्य सभामा प्रकट गर्नु भयो:

१. अधिवक्ता श्री अशोक उप्रेती
२. अधिवक्ता श्री वंशिधर काब्रा
३. श्री भगवती प्रसाद अग्रवाल
४. श्री उदय ओझा
५. श्री शंकरलाल अग्रवाल
६. श्री रामलाल श्रेष्ठ
७. श्री नारायण सुन्दर श्रेष्ठ
८. श्री भरतराज पोखरेल
९. श्री लवराज जोशी
१०. श्री महेन्द्र बहादुर श्रेष्ठ
११. श्री रोहितमान श्रेष्ठ
१२. श्री परेश कुमार तुलाधर (लिखित रूपमा सुझाब दिनुभएको )
१३. श्री उद्धव प्रसाद घिमिरे (लिखित सुझाब पठाउनु भएको )
१४. श्री नरसिंह लाल चखूं (लिखित सुझाब पठाउनु भएको)



Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

## छलफलका क्रममा उठेका मुख्य मुख्य कुराहरूको सारांशः

साधारण सभामा मन्तव्य व्यक्त गर्ने अधिकाशं शेयरधनी महानुभावहरूले सञ्चालक समितिले सिफारिस गरे बमोजिम प्रति शेयर २६.३१५७९% का दरले नगद लाभांश दिईएकोमा खुशी व्यक्त गर्दै प्रतिकुल परिस्थितिहरूको बावजुद बैंकको परिसुचक हेर्दा राम्रो र सबल देखिएको र यसको भविष्य उत्साहप्रद रहेको धारण व्यक्त गर्नुभयो ।
साधारण सभामा उपस्थित शेयरधनी वक्ताहरू मध्ये केहीले बार्षिक प्रतिवेदन समयमा प्राप्त नभएको गुनासो गर्दै प्रतिवेदनमा देखिएका स-साना त्रुटिहरू समेत सुधार गर्नुपर्ने राय दिनुभयो ।

केही शेयरधनी महानुभावहरूले बार्षिक साधारणसभा काठमाडौमा आयोजना गर्नुपर्ने राय व्यक्त गर्नुभयो भने केहीले सामाजिक उत्तरदायित्व अन्तर्गत क्रियाशिल रहेको NIC Foundation को बारेमा जिज्ञासा राख्दै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका गतिबिधिहरूलाई अझै अगाडी बढाउन सुझाव दिनुभयो ।

त्यसैगरी केही वक्ता महानुभावहरूले विराटनगर स्थित बैंकको आफनै नयां भवन र काठमाडौ कमलादी स्थित बैंकको आफ्नो जग्गामा निर्माण हुन लागेको कर्पोरेट भवन सम्बन्धमा पनि खुशी व्यक्त गर्दै विराटनगरको भवनको लागत तथा कमलादीमा बन्ने नयां भवनको अवस्था बारेमा जानकारी गराई दिन अनुरोध गर्नुभयो ।

सभामा मन्तव्य राख्ने केही शेयरभनी महानुभावहरूले निस्कृय कर्जा भन्दा Loan loss provision बढी देखिएको, आयकर चुक्ताको विवरण तथा धितोपत्र बजारमा शेयरको मुल्य तल गएको जस्ता बिषयहरूमा समेत चासो व्यक्त गर्नु भयो ।

कम्पनी दह्रो भएमा मात्र शेयरहोल्डरहरूको लगानी सुरक्षित हुने भन्दै कस्तो कस्तो ठांउमा र क-कसलाई लगानी गरिएको छ सोको जानकारी पाउनु पर्ने र बार्षिक प्रतिवेदन २०६६/०६७ को नाफा नोक्शान हिसाब बांडफांड अध्ययन गर्दा घोषणा गरिएको लाभाशं अघिल्लो बर्षको संन्चित नाफा समेत समाहीत गरी दिईएको देखिएकोले कम्पनीको दिर्घकालिन हितलाई ध्यानमा राखी मात्र लाभाशंहरू वितरण गर्न आग्रह गर्दै बैंकको शेयर रजिष्टार परिवर्तन गरिएको बिषयमा समेत ध्यानाकर्षण गराउनु भयो ।

सभामा मन्तव्य राख्ने केही शेयरधनी महानुभावहरूले शाखाहरूको बढ्दो विस्तार संगै विदेशमा समेत शाखाहरू खोल्नको लागि पहल गर्न आग्रह गर्नुभयो । त्यसैगरी केहीले लेखा परिक्षकको लेखा परिक्षण शुल्क न्युन भएको, बैंकको पुंजी ३ अर्ब बनाउनु पर्ने, संचालन खर्चको विवरण आदी बिषयमा जिज्ञाशा राख्नुभयो ।

बोनसमा कर लाग्ने वा नलाग्ने, एटिएम कार्ड जारी गर्दा खातामा शुल्क लाग्ने वा नलाग्ने भन्ने जिज्ञासा राख्दै तरलता कायम राख्ने, परिवारको विमा, विशालबजारको एटिएम मेशीन आदीका सम्बन्धमा समेत शेयरधनीहरूले जिज्ञासा राख्नु भयो ।

## सभामा उठेका प्रश्न तथा जिज्ञासाहरूको प्रत्युत्तरको प्रस्तुतिकरण :
**अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनु भएको समुहगत जवाफ :**

बैंकको बार्षिक प्रतिवेदनको गहन अध्ययन गरेर आफ्ना धारणा राख्नु भएकोमा खुसि व्यक्त गर्दै बैंकले प्राप्त गरेको सफलता प्रति शेयरधनी महानुभावहरूले देखाउनु भएको विश्वास प्रति धन्यवाद ज्ञापन गर्नुभयो । उहांले शेयरधनी महानुभावहरूले दर्शाउनु भएको आस्था र समर्थनबाट नै बैंक एक पछि अर्को फड्को मार्दै यस स्थानसम्म आईपुग्न सफल भएको र बैंकको ब्यवस्थापन अझ उत्साहित र उर्जायुक्त भएको बताउनु भयो ।

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office K.T.M

शेयरधनीहरूलाई कम्पनी ऐनमा रहेको कानुनी प्राबधान अनुसार नै राष्ट्रिय दैनिकहरूमा सूचना प्रकाशित गरिएको, बार्षिक प्रतिवेदन समयमा नै शेयरधनी महानुभावहरूको घर ठेगानामा प्रेषित गरिएको र बैंकको Website मा समेत राखिएको साथै साधारण सभा सम्बन्धि सूचना FM Radio बाट समेत प्रशारण गरिएको जानकारी गराउनु भयो। घर ठेगाना स्पष्ट नभएको र फोन नंम्बर परिवर्तन भएको कारण केही शेयरधनी महानुभावहरूमा जानकारी पुऱ्याउन असुविधा हुन गएको बताउँदै ठेगाना अध्यावधिक गरीदिन हुन अनुरोध गर्नुका साथै आगामी बर्षहरूमा यसमा सुधार गर्न हर-सम्भव प्रयास गरीने जानकारी गराउनु भयो।

शेयरधनी महानुभावहरूबाट सोधिएको प्रश्नको जवाफ दिदै प्रमुख कार्यकारी अधिकृतले शेयर कारोवार सम्बन्धी सेवामा अझ सुधार र व्यवस्थित गर्ने उदेश्यले नेपाल सेन्ट्रल डिपोजिटरी एण्ड क्लेयरिङ्ग लिमिटेड स्थापना भएको र यस बैक समेत त्यसको संस्थापक सदस्य रहेको जानकारी गराउंदै आउंदा दिनहरूमा लाभाशं वितरण लगायतका अन्य कार्यहरू गर्न सजीलो हुने जानकारी गराउंनु भयो।

शेयरधनी महानुभावहरूले उठाएको जिज्ञासाको उत्तर दिदै प्रमुख कार्यकारी अधिकृतले काठमाडौमा बार्षिक साधारण सभा गर्न कानुनी प्राबधान र संभाव्यतालाई बिचार गरी प्रयास गरिने बताउनु भयो।

NIC Foundation लोककल्याण र परोपकारी कार्यका लागिको स्थापना भएको हो। बैकले आर्जन गरेको बार्षिक खुद मुनाफाको ०.५ प्रतिशत अंश छुट्ट-याएर बिभिन्न सामाजिक लोकोपकारका कार्यहरू संचालन गर्दै आईरहेको र NIC Foundation मा बैकभन्दा बाहीरका समाजसेवीहरू पनि रहन सक्ने र बाहिरबाट पनि योगदान गर्न सकिने बताउदै क्रमशः यसको क्षेत्र विस्तार गर्दै लगिने जानकारी गराउनु भयो।

शेयरधनी महानुभावहरूले उठाएको जिज्ञासाको जवाफ दिने क्रममा प्रमुख कार्यकारी अधिकृतले रजिष्टर्ड कार्यालय विराटनगरको भवन स्ट्याण्डर्ड चार्टड बैक नेपाल लि. बाट बैकले टेन्डर हाली रू. ३,२३,३४,५०१.०० (रूपैया तिनकरोड तेईसलाख चौतिसहजार पांचसय एक मात्र) मा बैकको नाममा खरिद गरिएको जानकारी गराउनु भयो। काठमाडौमा कर्पोरेट भवन निर्माण सम्बन्धमा शिलबन्दी टेन्डर आब्हान गरी प्राप्त टेन्डर खोली सकिएको र सो उपर विश्लेषण भईरहेको र Contract award गर्ने सीलसीलामा रहेको जानकारी गराउनुभयो।

निस्कृय कर्जा भन्दा Loan loss provision बढी देखिएको भन्ने सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतले बैकले समस्या आउनु भन्दा अगाडी नै दुरदृष्टि अपनाई पर्याप्त Provision राखेको हो भन्नु भयो। आयकर सम्बन्धमा उठेको जिज्ञासाको प्रत्युत्तरमा प्रमुख कार्यकारी अधिकृतले बैकले आ. व .२०६५/६६ सम्मको आय विवरण स्वयं कर निर्धारण प्रकृया अन्तर्गत ठूला करदाता कार्यालय,आन्तरीक राजश्व विभागमा दाखिला गरीसकेको तथा सोही कार्यालयले आ.व. २०६२/६३ सम्मको कर निर्धारण समेत गरीसकेको जानकारी गराउनु भयो।

Stock market को मुल्य निर्धारण बैकको हातमा नभई बजारमा निहीत हुने स्पष्ट पार्नुभयो।

व्यवशायिक मर्यादा र गोपनियतताको दृष्टिकोणबाट समेत बैकको रणनितिहरू खुल्ला रूपमा व्यक्त उपयुक्त नहुने भन्दै बैकले आफ्नो Capital requirement अनुरूप लाभाशं दिएको र बैकको पूजी पर्याप्त रहेको जानकारी दिनुभयो।

शेयर रजिष्ट्रारको परिवर्तन सम्बन्धमा सो सामान्य प्रकृयाबाट गरिएको जानकारी गराउनु भयो।

बैकको १२औ साधारण सभाले अध्यक्ष लगायत संचालकहरूको भत्ता वृद्धी गर्ने सम्वन्धि प्रस्ताव स्वीकृत गरेतापनी नेपाल राष्ट्र बैकको स्विकृती प्राप्त भएपछि मात्र कार्यान्वयन गरीने जानकारी गराउनु भयो। संचालक समिति खर्चको सम्बन्धमा अत्यन्तै मितव्ययी रहेको तथा बैकले अख्तियारी गर्ने रणनीतिका सम्बन्धमा व्यबस्थापनलाई स्पष्ट मार्गनिर्देशन दिने गरेको र आवश्यकतानुसार मात्र बैठक बस्ने गरेको जानकारी गराउनु भयो।



Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

नेपाल राष्ट्र बैंकद्वारा मिति २०७० असाढ मसान्त सम्म पूंजी बढाउन अबधि तोकेको जानकारी गराउंदै उक्त मिति सम्ममा बैंकको नाफा तथा संचिति रकमले नपुग्ने अवस्थामा आबश्यकता अनुसार शेयरधनीहरूलाई हकप्रद शेयर वा बोनश शेयर के दिन सकिन्छ, सो सम्बन्धमा रणनिति बनाएर अगाडी बढ्ने जानकारी गराउनु भयो।

शाखाहरूको विस्तार संगै संस्थापना लागत प्रति समेत व्यबस्थापन संवेदनशिल रहेको जानकारी गराउनु भयो। संचालन खर्चहरूमा यथाशक्य मितव्ययिता अपनाइएको तथा बैंकको कुल आम्दानीको तुलनामा औसत कुल खर्च न्यून नै रहेको (नेपालका सबैभन्दा कम अनुपात रहने केही बैंकहरू मध्ये NIC बैंक समेत रहेको) बताउनु भयो।

शाखाहरूको विस्तार संगै लेखा परिक्षकको शुल्कमा समसामयिक बृद्धि हुने, तर आर्थिक बर्ष २०६७/०६८ को लागि पुरानै शुल्कमा लेखा परिक्षण गराउने प्रस्ताव गरीएको जानकारी गराउनु भयो। एटिएम कार्ड जारी गर्दा खाताको प्रकार हेरी शुल्क लाग्ने वा नलाग्ने जानकारी दिनुभयो।

प्रमुख कार्यकारी अधिकृतले बैंकका आगामि रणनितिहरू के-के हुने भन्ने बिषय नितान्त गोपनीय कुरा भएकोले यो संञ्चालक समिति र व्यबस्थापनमा मात्र सिमित रहने र यसबारे बाहीर चर्चा गर्न उपयुक्त नहुने धारणा राख्नुभयो।

Liquidity maintainence संवेदनशिल बिषय रहेको भन्दै सोको लागि बैक व्यबस्थापन सजग रहेको जानकारी गराउनु भयो। शेयधनीहरूको प्रश्नको जवाफकै क्रममा बैंकका कार्यकारी अधिकृतले परिवारले समेत विमा खाता खोल्न सक्ने र विशालबजारमा बैंकले छिट्टै नै आफनै एटिएम मेशीन जडान गर्ने तयारी गरिरहेको भन्दै शेयरधनी महानुभावहरूले दर्शाउनु भएको सहनशिलता र धैर्यताका लागि कृतज्ञता प्रकट गर्नुभयो।

## १०. <u>सभाको निर्णय :</u>

**(क) सामान्य प्रस्ताव :**

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गरीयो।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६७ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६/६७ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गरीयो।

३) विषय सूचिको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३१ आषाढ २०६७ मा समाप्त भएको आर्थिक बर्षमा संचित नाफाबाट रू. ३४,५१,४५,२६३.०० अर्थात प्रति शेयर २६.३१५७९% को दरले लाभांश दिने प्रस्तावलाई स्वीकृती प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

४) बिषय सुचिको (४) बमोजिम आर्थिक बर्ष २०६७/०६८ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएपछि लेखा परिक्षक श्री अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट लाई रू. १,५०,०००.००/-(अक्षरूपी एकलाख पचासहजार मात्र) पारिश्रमिक दिने गरी लेखापरिक्षकमा नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो।

**(ख) विविधः**

कम्पनीको जम्मा शेयरको ६७ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गर्दै कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा ३ (क) र बैंकको नियमावलिको नियम ६ को उपनियम ९(क) मा व्यबस्था भए बमोजिम गणपुरक संख्या पुगेको यस सभाले (क) बैंकको शेयर दाखिल खारेज सम्बन्धि व्यबस्था र (ख) संचालक समितिका अध्यक्षलाई सवारी सुबिधा उपलब्ध गराउने सम्बन्धि प्रस्ताव शेयरधनीहरूबाट सभामा प्रस्तुत भएपछि सो उपर छलफल भई प्रस्तुत प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो । तदनुसार बैंकको नियमावलिका प्रभावित नियमहरूमा संशोधन गर्ने बिशेष प्रस्तावलाई समेत सर्व सम्मतिबाट स्वीकृति प्रदान गर्दै देहायनुसार संशोधन गर्ने निर्णय गरियो ।

## नियमावली

| साविकको नियम/उपनियम | साविकको व्यवस्था | संशोधित नियम/उपनियम | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| (२६) शेयर हस्तान्तरण तथा शेयर सम्बन्धि अन्य व्यवस्था | यस नियमको उपनियम (क) र ( ख) पछि उपनियम (ग) थप गर्ने | (ग) नयाँ थप | (ग) प्रचलित कानूनको अधिन मा रही समुह 'क' का सस्थापक शेयरधनिहरूले स्वामित्व धारण गरेको शेयर संचालक समितिको स्वकृति बाट मात्र दाखिल खारेज हुनेछ ।<br>समुह 'ख' का सर्वसाधारण शेयरधनिहरूले स्वामित्व धारण गरेको शेयरको दाखिल खारेज कम्पनी सचिवले पनि प्रमाणीत गरिदिन सक्नेछ । | शेयर दा.खा.व्यबस्थालाई सरलीकरण गर्न । |
| (३१) संचालकहरूको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था | यस नियमको उपनियम (१) को इ. अन्य सुविधाहरू को (ग) पछि उपनियम (घ) थप गर्ने | (घ) नयाँ थप | बैंकको संचालक समितिका अध्यक्ष लाई संचालन खर्च सहितको सवारी साधन (गाडी) को सुबिधा उपलब्ध गराईने छ । | संचालक समितका अध्यक्षको कार्यभार र दायित्व अनुसार सुबिधा आवश्यक भएकोले । |

पारित भई संशोधन भएको उपर्युक्त नियमावली नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार को कार्यालय लगायत अन्य निकायहरू बाट स्विकृति गराउन, आइपर्ने आवश्यक काम कारवाही सम्पन्न गर्न प्रमुख कार्यकारी अधिकृत लाई अख्तियारी दिने समेत सर्वसम्मति बाट निणर्य गरियो ।

तत्पश्चात् अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको सम्पूर्ण विषयहरू सामान्य र विशेष प्रस्तावको रूपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत प्रस्तावहरू सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

अन्त्यमा अध्यक्षज्यूले बार्षिक साधारण सभाको माध्यमबाट शेयरधनी महानुभावहरूले गर्नु भएको सहृदय समर्थनको लागि आभार प्रकट गर्दै आजको यो तेह्रौ बार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

निरज श्रेष्ठ<br>कम्पनी सचिव

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

सशिन जोशी<br>प्रमुख कार्यकारी अधिकृत

जगदीश प्रसाद अग्रवाल<br>अध्यक्ष

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office